# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

प.सं./Ref. No.: ०७७/०७८
च.नं./Des. No. ११८६

०६५-५७२४३६
Email:info@bhimadmun.gov.np


मिति : २०७७/११/०२

**विषयः न्युनतम रोजगारिमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।।**

रोजगारिको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७) को दफा १८ बमोजिम आगामि आर्थिक बर्ष २०७८/२०७९ मा यस भिमाद नगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतम रोजगारमा संलग्न भई सार्बजनिक बिकास निर्माणका काममा योगदान गर्न इच्छुक न्युन आय भएका वा स्वरोजगार समेत नरहेका ब्यक्तिहरुले २०७७ फागुन मसान्त सम्म आँफुले स्थायी बसोबास गरेको वडा कार्यलयमा बेरोजगार ब्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन फारममा उल्लेखित विवरण पुर्ण रुपमा भरि बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यलय, नगरपालिकाको रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साइट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।

<u>न्युनतम रोजगारिमा संलग्न हुन आवश्यक मापदण्ड</u>

१. १८ देखि ५९ बर्ष उमेर समुह भित्रको ।
२. निवेदन दिदाको मितिसम्म सोहि आर्थिक बर्षमा न्युनतम १०० दिनको रोजगारिमा संलग्न नभएको ।
३. निवेदन दिदाको मितिसम्म सोहि आर्थिक बर्षमा न्युनतम रोजगारिमा संलग्न भई १०० दिनको रोजगारि वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिकको आयभन्दा कम आय भएको ।
४. पुर्ण विवरण सहित रित पूर्वक निवेदन दिई कार्यक्रमा सहभागी हुन ईच्छुक रहेको ।

**न्युनतम रोजगारिमा संलग्न हुन आवश्यक कागजात तथा जानकारी**

१. निवेदक सहित सम्पूर्ण परिवाको नाम, निवेदक संगको नाता, नागरिकता गारि मिति, नागरिकता नं, नागरिकता जारि जिल्ला, शैक्षिक योग्यता, सिप रोजगारिको अवस्था, सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाता बाट कुनै सहायता या आम्दानी लिए नलिएको र अन्य निवेदनमा भएका सम्पुर्ण विवरण ।
२. निवेदक बैदेशिक रोजगारि बाट फर्केको वा स्वीकृति लिई जान नपाएको भए देश, पासपोर्ट नं र संलग्न सिपको विवरण ।
३. निवेदकको नागरिकताको फोटोकपि १ प्रति ।
४. पासपोर्ट साईजको फोटो १ प्रति ।
५. नगरिकता अन्य स्थानिय तह वा जिल्ला बाट जारि भएको भए बिवाहा दर्ता वा बसाईसराईको प्रमाणपत्रको फोटोकपि १ प्रति ।

(नोटः निवेदनमा मागिएका विवरण पुर्ण, स्पस्ट र सत्य नभएमा सुचिकृत नहुने व्यहोरा जानकारि गराईन्छ।)

बोधार्थ
श्री सूचना तथा प्रबिधि शाखाः website मा upload गरिदिनु होला।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

थमन सिंह थापा